अनुसूची-२

(दफा ४ तथा अनुसूची- १ को भाग १ संग सम्बन्धित)

साँफेबगर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड -०१ संख्या -०२ मिति :२०७४/०६/०२

**भाग -०१**

# साँफेबगर नगरपालिकाको आर्थिक ऐन २०७४

आज्ञाले ,

लक्ष्मी प्रसाद शर्मा

नि. प्रमुख प्रशासकीय अधिकृत

# साँफेबगर नगरपालिकाको आर्थिक ऐन , २०७४

**नगर सभाबाट स्वीकृत मिति :२०७४।०६।०१ गते**

**साँफेबगर नगरपालिकाको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यन्वयन गर्न बनेको विधेयक**

**प्रस्तावनाः**

साँफेबगर नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम साँफेबगर नगरपालिका नगरसभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम“आर्थिक ऐन, २०७४” रहेको छ।

(२) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि साँफेबगर नगरपालिका क्षेत्रमा लागु हुनेछ।

**२. एकिकृत सम्पति कर** :साँफेबगर नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पति कर/ घर, जग्गा कर लगाईने र असुर उपर गरिनेछ।

**३. घर बहाल कर** : साँफेबगर नगरपालिका क्षेत्र भित्रकुनै व्यक्तिवा संस्थाले भवन घर, पसल, ग्यारेज, गोदान, टहरा, छप्पर, जग्गावापोखरी पुरै वा आंशिकतवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गावहाल कर लगाईने र असुलगरिनेछ।

**४. व्यवसाय कर** : साँफेबगर नगरपालिका क्षेत्र भित्र व्यापार, व्यवसायवा सेवामापुँजिगतलगानी र आर्थिक कारोबारका आधारमा अनुसूचि (४) बमोजिमव्यवसाय कर लगाईने र असुलउपर गरिनेछ।

**५. जडिबुटी, कवाडी र जिवजन्तु कर** : साँफेबगर नगरपालि क्षेत्र भित्रकुनै व्यक्तिवा संस्थाले ऊन, खोटो, जडिबुटी,बनकस,कवाडिमाल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुका हाड, सिङ, प्वाँख, छालाजस्ता बस्तुको व्यवसायिक कारोवार गरे बाफत अनुसूचि (५) बमोजिमको कर लगाउने र असुलउपर गरिनेछ

**६. सवारी साधन कर** : साँफेबगर नगरपालिका क्षेत्र भित्रदर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाईने र असुलउपर गरिने छ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्य व्यवस्था भएको अवस्थामा सोहि बमोजिमहुनेछ।

**७ विज्ञापन कर** : साँफेबगर नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा साँफेबगर नगर कार्यपालिकाको निर्णय र कानुन बमोजिम विज्ञापन कर लगाईने र असुलउपर गरिने छ। तर, प्रदेश कानुनस्विकृत भई सो कानुनमा अन्य व्यवस्था भएको अवस्थामा सोहि बमोजिमहुनेछ।

**८.मनोरन्जन कर** : साँफेबगर नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाईने र असुलउपर गरिनेछ । तर, प्रदेश कानुनस्वीकृत भई सो कानुनमा अन्य व्यवस्था भएको अवस्थामा सोहि बमोजिमहुनेछ ।

**९. बहाल बिटौरी शुल्क** : साँफेबगर नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका नगरपालिकाले तोके अनुसार कानुन बमोजिम उल्लेख भएअनुसार हाडबजार वा पसलमा सोहि नियमानुसार भएको व्यवस्था अनुसार बहालविटौरी शुल्क लगाईने र असूल उपर गरिनेछ ।

**१०. पार्किङ शुल्क** : साँफेबगर नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलव्ध गराए वापत अनुसूचि (८) बमोजिम पार्किङ शुल्क लगाईने र असूल उपर गरिनेछ ।

**११. ट्रेकिङ्ग,र र्‍याफ्टीङ्ग शुल्क** : साँफेबगर नगरपालिकाले आफ्नो क्षेत्र भित्र ट्रेकिङ्ग, र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत नगरपालिकाले तोके अनुसार कानुन बमोजिमको शुल्क लगाईने र असूल उपर गरिनेछ ।

**१२. सेवा शुल्क, दस्तुर** : साँफेबगर नगरपालिकाले निर्माण, संचालन व्यवस्थापन गरेका साँफेबगर नगरपालिकाको निर्णय र कानुनमा उल्लेखित स्थानीय पूर्वाधार र उपलव्ध गराईएको सेवामा सेवाग्राहिबाट सोहि अनुसूचिमा व्यवस्था भएअनुसार शुल्क लगाईने र असूल उपर गरिनेछ ।

**१३. पर्यटन शुल्क** : साँफेबगर नगरपालिकाले आफ्नो क्षेत्रभि त्रप्रवेश गर्ने पर्यटकहरुबाट अनुसूचि (९) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुर उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्य व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१४. कर छुट** : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**१५. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धि कार्यविधि साँफेबगर  नगरपालिकाले तोके बमोाजिम हुनेछ ।